मानेभन्ज्याङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मानेभन्ज्याङ,ओखलढुङ्गा

कोशी प्रदेश,नेपाल

पत्र संख्याः २०८०/८१

चलानी नम्बरः १४६२

मितिः २०८१/२/२५

श्री सरोकारवालाहरु सबै ।

विषय : रकम भुक्तानीको अन्तिम समयवधि सम्वनधमा

प्रस्तुत विषयमा *आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७* मा आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तिमा सात दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नु पर्ने व्यवस्था छ । उक्त व्यवस्था बमोजिमको आर्थिक कारोवार गर्ने अन्तिम समय सीमा अवधिमा पनि देश भरिकै आर्थिक कारोबारको अत्यधिक चापका कारण विगतको आर्थिक वर्षहरुमा भुक्तानी प्रणाली (SuTRA) अबरुद्र हुँदै आएको तथा यस कार्यालयबाट ठूलो रकम सम्वन्धित आर्थिक वर्षभित्र भुक्तानी हुन नसकेको कुरा विदितै छ । अतः चालु आर्थिक वर्ष २०८०/८१ मा यस कार्यालयबाट हुने आर्थिक कारोवार सम्बन्धमा तपसिल बमोजिम गर्नु/गराउनुहुन सम्पूर्ण सरोकारवालाहरुमा कार्यालय हार्दिक अनुरोध गर्दछ ।

तपसिलः

१. गाउँपालिकाबाट विनियोजित सम्पूर्ण योजना तथा कार्यक्रमका फायल/कागजातहरु मिति २०८१/३/१५ भित्र आर्थिक प्रशासन शाखामा पेश गरिसक्नु पर्नेछ ।

२. संघीय तथा प्रदेश सरकारबाट हस्तान्तरित सम्पूर्ण सशर्त अनुदानका योजना तथा कार्यक्रमका फायल/कागजातहरु मिति २०८१/३/१२ भित्र आर्थिक प्रशासन शाखामा पेश गरिसक्नु पर्नेछ ।

अवगार्थः

श्रीमान् अध्यक्ष तथा उपाध्यक्षज्यू लगायत सम्पूर्ण वडाध्यक्ष र सदस्यज्यूहरु, मानेभन्ज्याङ गाउँपालिका, ओखलढुंगा - आवश्यक समन्वय तथा सहजीकरण गरिदिनुहुन ।

वोधार्थः

सम्पूर्ण शाखा प्रमुख तथा वडा सचिववहरु,
मानेभन्ज्याङ गाउँपालिका, ओखलढुंगा ।

*पुनश्चः तोकिएको समय अवधिभित्र फायल/कागजात नबुझाएको कारणले चालु आर्थिक वर्षमा हुन नसक्ने भुक्तानीको लागि कार्यालय जिम्मेवार रहनेछैन ।*

(भोगबहादुर राई)
लेखा अधिकृत

(छविलाल राई)
प्रमुख प्रशासकीय अधिकृत

"व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन"

Website:http: www.manebhanjyangmun.gov.np,Email:ito.manebhanjyangmun@gmail.com,☎: 037-410065/67

CamScanner